# विधान

# कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन

# Kapilvastu Multiple Campus Alumni Association (KMCAA)

२०७६

१. **नाम :**

कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन अंग्रजीमा Kapilvastu Multiple Campus Alumni Association (KMCAA)

२. **परिभाषा**

“ **संघ** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनलाई बुझिने छ ।

“ **साधारण सभा**” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन को साधारण सभालाई बुझिने छ ।

“ **कार्य समिति** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन को कार्य समितिलाई बुझिने छ ।

“**उप समिति**” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन को कार्य समितिले गठन गरेको विभिन्न समितिलाई बुझिने छ ।

“ **क्याम्पस** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पसलाई बुझिने छ ।

“ **अध्यक्ष** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको अध्यक्षलाई बुझिने छ ।

“ **उपाध्यक्ष** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको उपाध्यक्षलाई बुझिने छ ।

“**सचिव** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको सचिवलाई बुझिने छ ।

“**सह सचिव**” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको सहसचिवलाई बुझिने छ ।

“ **कोषाध्यक्ष**” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको कोषाध्यक्षलाई बुझिने छ ।

“ **सह कोषाध्यक्ष**” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको सह कोषाध्यक्षलाई बुझिने छ ।

“ **सदस्य** ” भन्नाले कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनका सम्पुर्ण सदस्यहरु लाई बुझिने छ ।

३.मुल्य :

कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको मुल्य क्याम्पसको संस्थागत विकाश, पुर्व विद्यार्थीहरु विच सहकार्य, मानवता, समानता, न्याय, विविधताको सम्मान, सहकार्य र क्षमता अभिबृद्धि हुनेछ ।

४. **चिन्ह, छाप वा लोगो :**

अनुसुची १ मा उल्लेख गरे अनुसार हुनेछ ।

५. **लक्ष्य :**

कपिलवस्तु बहुमुखी क्याम्पसका पुर्व विद्यार्थी विच भातृत्वको भावना विकास तथा आपसी समन्वय गरि क्याम्पसको संगठनात्मक विकासमा सहकार्य गर्ने ।

६. **उदेश्यहरु :**

६.१. कपिलवस्तु बहुमुखी क्याम्पसका पुर्व विद्यार्थीहरु विच सम्बन्ध र समन्वयको वातावरण सिर्जना गर्ने ।

६.२. कपिलवस्तु बहुमुखी क्याम्पसको समय सापेक्ष विकासमा पुर्व विद्यार्थीहरुको योगदान सुनिश्चित गर्ने ।

६.३. कपिलवस्तु बहुमुखी क्याम्पसको संस्थागत विकास नया उचाइमा पुऱ्याउने ।

६.४. पुर्व विद्यार्थीहरुले कपिलवस्तु बहुमुखी क्याम्पससंग समन्वय गरि समाज रुपान्तरणका कार्यहरु गर्ने ।

६.५ पूर्व विद्यार्थीहरुको सहयोग र समर्थन को उपयोगद्वारा उनीहरूको पेशागत क्षमता अभिबृद्धि गर्न प्रोत्साहित गर्ने ।

६.६ कपिलवस्तु बहुमुखी क्याम्पसको संस्थागत छवि विस्तार गर्न र कपिलवस्तु बहुमुखी क्याम्पसलाई उच्च क्याम्पसको रुपमा स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न योगदान गर्ने ।

६.७ कपिलबस्तु बहुमुखी क्याम्पसको विकास एंव विस्तारका लागि आवश्यक स्रोतहरु जुटाउने ।

७. सदस्यता :

७.१. आजीवन सदस्य :

कपिलवस्तु बहुमुखी क्याम्पसका सबै पुर्व विद्यार्थीहरुले आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

७.२. मानार्थ सदस्य :

प्राज्ञिक तथा समाज सेवाका विषयमा अभि रुची लिने तथा सम्बन्धित विषय मा ख्याती प्राप्त नेपाली तथा विदेशी वरिष्ठ व्यक्तित्वहरु लाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ ।

७.२. साधारण सदस्यता :

कपिलवस्तु बहुमुखी क्याम्पसका सम्पुर्ण पुर्व विद्यार्थी अल्मुनि को साधारण सदस्यहुन सक्नेछन् ।

७.३. सदस्यता शुल्क :

सबै प्रकारको सदस्यहरुको सदस्यता शुल्क कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनका कार्य समितिले तोके बमोजिम हुनेछ ।

८. साधारण सभा :

८.१. साधारण सभाको गठन

कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको प्रधान अंग साधारण सभा हुने छ । सबै सदस्यहरु साधारण सभाको सदस्य हुनेछन् । सदस्यहरु मध्ये उमेरको आधारमा जेष्ठ व्यक्तित्वले साधारण सभाको अध्यक्षता गर्ने छ । साथै कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनका कार्य समितिको सचिव ले साधारण सभामा सचिवको भुमिका खेल्नेछ ।

८.२ साधारण सभाका कार्य तथा जिम्मेवारी :

८.२.१ कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको कार्य समितिको गठन गर्ने ।

८.२.२. वार्षिक रुपमा लेखा परिक्षक नियुक्ती गर्ने ।

८.२.३. वार्षिक कार्यक्रम खर्चको अनुमोदन गर्ने ।

८.२.४. वार्षिक कार्यक्रम बजेटको स्वीकृत गर्ने ।

८.२.५ आवश्यकता अनुसार कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशनको विधान शंसोधन गर्ने ।

**८.३. साधारण सभाको निर्णय प्रकिया :**

साधारण सभा हुनु भन्दा १५ दिन अगाडि साधारणको बारेमा सदस्यहरु लाई जानकारी दिनु पर्ने छ । साधारण सभामा पेश गरिने एजेण्डा कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन अध्यक्षले पेश गर्नु पर्ने छ । साथै साधारण सभाले माग गरेको सुचना अध्यक्षले दिनु पर्ने छ । साधारण सभाले बहुमत ले कुनै पनि निर्णय गर्ने छ । बहुमत भन्नाले साधारण सभाको सबै सदस्यहरुको ५१ प्रतिशत मानिने छ । तर पहिलो साधारण सभामा बहुमत नपुगेको अवस्थामा दोश्रो पटक साधारण सभा बोलाउदा सबै सदस्य संख्याको २५ प्रतिशत उपस्थितीलाई पुरक संख्या मानिनेछ ।

**९. निर्वाचन प्रकिया**

कार्य समिति गठन प्रक्रिया संचालन गर्न कार्य समितिले निर्वाचन उप समिति गठन गर्नेछ । सो उप समितिले निष्पक्ष निर्वाचन प्रक्रिया संचालन गर्ने छ । १ जना संयोजक र २ जना सदस्य रहेको निर्वाचन उप समिति कार्य समितिले गठन गर्ने छ ।

**१०. पदाधिकारीको पद रिक्त हुने अवस्था**

निम्न अवस्थामा पदाधिकारीको पद रिक्तहुनेछ :

१) पदाधिकारीको मृत्यु भएमा

२) पदाधिकारीले राजीनामा दिएमा

३) पदाधिकारीले संघको हित विपरित कार्य गरि कार्य समितिले कार्यवाही गरेमा

**११. पदाधिकारीको पद रिक्तभएमा**

दफा १० अनुसार पदाधिकारीको पद रिक्त भएमा कार्य समितिको निर्णय अनुसार रिक्त पद पुर्ति हुनेछ ।

**१२. कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन कार्य समिति**

## १२.१. कार्य समिति गठन

कपिलवस्तु बहुमुखी क्याम्पस अल्मुनाई एशोसियशन को कार्य समिति तपसिल बमोजिम साधारण सभाले गर्ने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| पुर्व अध्यक्ष | पदेन सदस्य |
| उपाध्यक्ष | १ |
| कोषाध्यक्ष | १ |
| सहकोषाध्यक्ष | १ |
| सचिव | १ |
| सहसचिव | १ |
| सदस्य | ४ |

## १२.२ कार्य समितिको निर्णय प्रकिया

कार्य समितिको बैठक पुर्व सबै पदाधिकारीहरु लाई सचिवले ३ दिनपुर्व जानकारी गराउनु पर्ने छ । कार्य समितिको ५१ प्रतिशतलाई पुरक संख्यामानिने छ । मत बराबरी भएमा अध्यक्षको मतलाई निर्णायक मानिने छ । कार्य समितिको बैठकको निर्णय पुस्तिकका अद्यावधिक गर्ने कार्य सचिवको हुने छ ।

## १२.३ कार्य समितिको पदावधि

कार्य समितिको पदावधि ३ वर्षको हुने छ ।

## १२.४ अध्यक्षको काम कर्तब्य र अधिकार

१) संघको नेतृत्व दायी भुमिका गर्ने ।
२) संघको दैनिक प्रशासन संचालन गराउने ।
३) संघको वैठक वोलाउने, कार्य संचालनको लागि निति, नियमलाई पारित गराउने  र सो नितिनियमको परिधिमा रहीकार्य संचालन गर्ने ।
४) योजना, रणनिति तथा कार्यक्रम तय गर्ने ।
५) संघको विधान नियमावली र प्रचालित कानुनको अधिनमा रहि कार्य सम्पादन गर्ने वा गराउने ।
६) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा संघको बारेमा वकालत गर्ने ।

७) संघको सदस्य तथा पदाधिकारी तथा सदस्यहरु विच सहकार्यको वातावरण श्रृजना गर्ने

### १२.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१) संघको कार्यक्रमहरुको विस्तार गर्न योगदान गर्ने

२) विभिन्ने गतिविधि समन्वय गर्न

३) अध्यक्षको अनुपस्थितिमा सम्पूर्ण कार्यहरू सम्पादन गर्ने

### १२.६ सचिवको काम, कर्तव्य र अधिकार

१) कार्य समितिको बैठकमा सचिवको भुमिका निर्वाह गर्ने

२) साधारण सभाको बैठकको अभिलेखीकरण गर्ने

३) संघको सबै कार्यको अभिलेखीकरण गर्ने

४) संघको तर्फबाट बाह्य सम्बन्ध अधिकारीको रुपमा भुमिका निर्वाह गर्ने संघको श्रोत परिचालनमा भुमिका खेल्ने

५) संघको गतिविधिहरूको प्रचार प्रसार गर्ने ।

### १२.७ सहसचिव काम, कर्तव्य र अधिकार

१) समाचारपत्र र एसोसिएसनका अन्य प्रकाशनहरूको कार्यमा समन्वय गर्ने

२) सचिवको अनुपस्थितिमा सचिवको सम्पुर्ण कार्य सम्पादन गर्ने

### १२.८ कोषाध्यक्षको काम, कर्तव्य अधिकार

१) संघको वित्त प्रणालीको संचालक रुपमा कार्य गर्ने

२) प्रचलित निमय कानुन अनुसार लेखा प्रणाली संचालन गर्ने

३) लेखा परिक्षण प्रकिया संचालन गर्ने

४) कार्य समितिलाई आर्थिक प्रतिवेदन तयार गरि पेश गर्ने

५) संघको नियमित वित्तीय कारोवारको अद्यावधिक रेर्कड राख्ने

६) संघको वार्षिक बजेटको मस्यौदा तयार गर्ने

७) संघको तर्फबाट वित्तीय लेनदेन गर्ने

### १२.९ सह कोषाध्यक्ष जसको कार्यहरू हुनेछ

१) श्रोत परिचालन गर्न पहल गर्ने

२) संघको लागि कोष जुटाउने गतिविधिहरू व्यवस्थित गर्न

३) संघको कोष सं्कलन परियोजनाहरु बारे कार्यकारी समितिलाई रिपोर्ट गर्ने

४) पूर्व विद्यार्थीहरू द्वारा आयोजित कोष सं्कलन गतिविधिहरू समन्वय गर्ने

५) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको कार्यहरू सम्पादन गर्ने

**१३. खाता संचालन**

कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संघको बैङ्क खाता संचालन गरिने छ । खाता संचालन गर्ने बैङ्कको सम्बन्धमा कार्य समितिले तोके बमोजिम हुनेछ ।

**१४. विधान तथा नियम शंसोधन**

कार्य समितिका सचिवले साधारण सभामा प्रस्तावित संशोधन पेश गर्नेछ । संशोधन पेश साधारण सभाले विधान संशोधन पारित गर्न दुई तिहाई प्रतिशत बहुमतको मत आवश्यक पर्नेछ।

**१५. सल्लाहकार सभा**

कार्य समिति ले क्याम्पसका क्याम्पस प्रमुख, पुर्व क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापक, समाजका प्रतिष्ठित व्यक्तित्व, कार्य समितिका पुर्व पदाधिकारी, क्याम्पसका कर्मचारी हरु समावेश गरि सल्लाहकार सभा गठन गर्ने छ ।

**१६.नियम, विनियम तथा कार्य विधि**

कार्य समितिले आवश्यकता अनुसार नियम, विनियम तथा कार्य विधि तयार गरि कार्य समितिको बैठकबाट स्वीकृत गरि लागु गर्न सक्नेछ । कार्य समितिले आवश्यकता अनुसार शंसोधन गर्न सक्नेछ ।

**१७.कर्मचारी नियुक्ति**

कार्य समितिले संघका लागि आवश्यकता अनुसार पदपुर्ति समिति गठन गरि आवश्यक कर्मचारीहरुको पदपुर्ति गर्न सक्नेछ ।

**१८. कानुनी तथा लेखा व्यवस्था सल्लाहकार**

कार्य समितिले आवश्यकता अनुसार कानुनीतथा लेखा व्यवस्था सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

## १९. सम्पति अधिकार

संघको सबै चल र स्थिर सम्पत्तिको अद्यावधिक रेकर्ड राखिने छ । संघको आम्दानी र सम्पत्ति यस विधानमा उल्लेख भए बमोजिम संघको उद्देश्यको प्रवर्द्धनमा लागु हुने छ र यसको कुनै अंश प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभांश, बोनस वा नाफा मार्फत भुक्तान वा हस्तान्तरण गरिने छैन । सो सम्पुर्ण सम्पति क्याम्पसको स्वामित्वमा रहने छ ।

## २०.विधान तथा नियमको व्याख्या

कार्य समितिले सबै विधान तथा नियमको व्याख्याको व्याख्या गर्ने छ । विधान संग बाझिएको हकमा र नेपालको प्रचलित कानुन संग बाझिएको हकमा सो कानुन स्वत खारेज हुने छ ।

# अनुसुची १

चिन्ह, छाप वालोगो